# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०७२/०७३ मिति :– २०७२।१०।३
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७२ साल पौष महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

## मिति २०७२।९।१९ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | - | ब.ई., सि.न.पा. |
| श्री विवेक कुमार खनाल | - | ब.अ., सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | - | ब.अ., सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | - | शाखा अधिकृत, सि.न.पा. |
| श्री श्रीराम गुप्ता | - | शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन |

**निर्णय नं. १**

आगामी आर्थिक बर्ष २०७३।७४ का लागि प्रस्तावित आय व्यय रु ६६ करोड ६४ लाख ८० हजार हुने गरी स्वीकृतीका लागि नगरपरिषद समक्ष पेशगर्ने निर्णय गरियो । साथै गत आर्थिक बर्ष २०७१।७२ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०७२।७३ को संसोधित आय व्यय आगामि आर्थिक बर्षको अनुमानित आय व्यय र चालुगत तथा पुजीगत खर्चको पुष्ट्याई संलग्न **अनुसूची १** बमोजिम हुने गरी स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २**

आगामी आर्थिक बर्ष २०७३/७४ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु **अनुसुचि–२** बमोजिम हुने गरी स्वीकृतका लागि नगरपरिषद् समक्ष पेशगर्ने निर्णय गरियो । साथै वडा भेलाबाट छनौट भई आएका तर स्रोत अभावको कारण बजेटमा समावेश नभएका दोस्रो प्राथमिकताका कार्यक्रमहरु (एइ) लाई नगरपालिकामा प्राप्त हुने थप स्रोतबाट नगरपालिका बोर्डको निर्णय अनुसार कार्यान्वयन गर्न र अन्य निकाय र जि.वि.स. बाट कार्यान्वयन हुने योजनामा समावेश गर्न प्राथमिकता दिन नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

राजस्व परामर्श समितिको सुझाव समेतका आधारमा आगामी आर्थिक बर्ष २०७३।७४ का लागि नगरपालिकाले लिने कर, दस्तुर, शुल्क आदिको दररेट संलग्न **अनुसुचि ३** बमोजिम हुने गरी पारित गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिका कार्यालयको अगाडी रहेको पसल कवलहरुमा हाल बसीरहेका व्यसायीहरु लामो समय देखि बस्दै आएको र सालबसाली रुपमा भाडा वृद्धि नहुदा बजार दरको तुलनामा हालको भाडा दर अत्यन्त न्यून रहेको हुँदा आगामी बर्ष खुल्ला प्रतिस्पर्धाद्वारा भाडामा लगाउने स्वीकृतीका लागि नगरपरिषद समक्ष सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पदपूर्ति समितिबाट मिति २०७२/९/१७ मा पेश भएको आ.ब. ०७२/०७३ को बार्षिक प्रतिवेदन समिक्षा सहित अनुमोदनका लागि नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरपालिकाको कर्मचारी दरबन्दी विवरण र संगठन संरचना संलग्न **अनुसुचि ४** बमोजिम हुने गरी पारित गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

चार्टर एकाउन्टेन्ट्स प्रमोद पन्थी एण्ड एशोसिएटस्ले मिति २०७२/९/१६ मा पेश गर्नु भएको आ.व. २०७१/०७२ को अन्तिम लेखा परीक्षण प्रतिवेदन नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस कार्यालयको आर्थिक बर्ष २०७३/७४ को स्वीकृत दरवन्दी अनुसारको तलवी प्रतिवेदन पाना ७ (सात) **अनुसुचि ५** बमोजिम हुने गरी पारित गर्न नगरपरिषद् समक्ष अनुरोध गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ९**

नगरपालिकाद्धारा आयोजना गरिएको आ.ब. २०७१/७२ को सामाजिक परीक्षण कार्यक्रमको मिति २०७२।८।१४ मा प्राप्त प्रतिवेदन नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

आगामी आर्थिक बर्षका लागि घरनक्सा पास सम्बन्धी शुल्क चालु आर्थिक बर्ष २०७२/७३ मा कायम भएको दररेटलाई नै कायम गर्न नगरपरिषद समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

आ.ब. ०७३/०७४ को लागि नगर परिषद्‌बाट स्वीकृत योजना तथा कार्यक्रम सञ्चालनको लागि बार्षिक कार्यतालिका (कार्य योजना) बनाई योजना कार्यान्वयन गर्न स्वीकृतिका लागि नगरपरिषद समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

गत आ.ब. र चालु आर्थिक बर्षको हालसम्मको अवधीमा सम्पन्न भई जाँचपास तथा फरफारक भएका संलग्न **अनुसुचि ६** बमोजिमका योजनाहरुलाई अनुमोदन गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

निम्नलिखित योजनाहरुलाई जि.वि.स. रुपन्देहीको आगामी वर्षको बार्षिक कार्यक्रममा समाबेश गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

क. भैरहवा नमुना क्याम्पसमा फर्निचर, उपकरण तथा पाठ्यपुस्तक

ख. अन्नपूर्णटोल दुर्गा मन्दिरको जग्गामा धर्मशाला निर्माण

ग. लिलाराम उच्च मा.वि. भवन निर्माण

**निर्णय नं. १४**

आ.ब. ०७३/०७४ को केन्द्रिय योजनामा समावेश गरी दिन निम्नानुसारको योजनाहरु नेपाल सरकारका सम्वद्ध मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोगमा अनुरोध गर्न नगरपरिषद् समक्ष पेशगर्ने निर्णय गरियो ।

क. पञ्चवाटिका पार्क निर्माण गर्ने (पिकनिक स्थल) ।

ख. सि.न.पा. वार्ड नं ५ स्थित हाटबजारमा आधुनिक बजारस्थल निर्माण ।

ग. सि.न.पा. वडा नं. १२ भीमकालीपथ उत्तर दिपज्योतीपथ (बुद्ध ज्योती स्कुल पूर्व) नालाको किनारबाट रुद्रपथ, काशी स्कुल देखि जनकपथ हुँदै प्रभातपथ नाला किनारको बाटो पक्की बनाउने ।

घ. वडा नं. १ बेलहिया देखि पक्लिहवा जाने सडक कालो पत्रे ।

ङ. सि.न.पा. वडा नं. ११ सिसवा देखि गोनाहा गा.वि.स. जोडने घाघरा खोलामा पक्की पुल निर्माण ।

च. बेलहिया देखि अन्चलपुरसम्म सिद्धार्थराजमार्गमा सौर्य सडकवत्ति, हरियाली तथा आकासेपुल निर्माण ।

छ. सि.न.पा. वार्ड नं. ८ उचमिपथ देखि चिल्हिया जाने सडक कालोपत्रे ।

ज. सि.न.पा. वार्ड नं. ९ गोलिगढ देखि सानोदुदमवा हुदै हाँटी फर्साटिकट जाने सडक कालोपत्रे ।

झ. सिद्धार्थबस टर्मिनल विस्तार तथा बेलहियाको जीपपार्क तथा टर्मिनल भवन निर्माण ।




"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. १५**

सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तरगत परिचालन गर्न उपयुक्त देखिएको नगरपालिकाको स्वामित्व र जिम्म्मामा रहेको अचल सम्पत्तिलाई नीजि क्षेत्र मार्फत परिचालन गर्ने नीतिलाई निरन्तरता दिन नगरपरिषद् समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

नगरपालिका क्षेत्र भित्रको मिनही घरवासको जग्गा स्वामित्व हस्तान्तरण सम्बन्धी नगरपालिकामा कारोवार हुँदा लाग्ने दस्तुरमा दिईने छुट सुविधालाई निरन्तरता दिन नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

चालु बर्षको व्यवसाय कर आश्विन मसान्त भित्र तिर्न आएमा व्यवसाय करको १५(पन्ध्र) प्रतिशत रकम छुट दिने नितीलाई निरन्तरता दिन नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

आगामी आ.व. २०७३।७४ का लागि नगरपालिकाले उठाउने कर, दस्तुर तथा शुल्क असूलीका लागि राजश्व परामर्श समितिको सिफारिस अनुसार वार्षिक ठेक्का अंक संलग्न **अनुसूची ७** वमोजिम कायम गर्ने र ठेक्का सम्झौताको वखत एकमुष्ठ रकम बुझाउनेलाई १०% छुट दिने नीतिलाई निरन्तरता दिन नगरपरिषद् समक्ष सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

आगामी आ.व. २०७३।७४ मा नगरपालिकाको लागि विद्यमान करका दरहरु परिमार्जन गर्न वा करको नयाँ दर कायम गर्न आवश्यक परेको अवस्थामा सोको स्वीकृत गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्न नगरपरिषद् समक्ष सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

विगतका नगरपरिषद बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेका देहायका कार्यविधि/निर्देशिकाहरुमा समयानुकुल परिमार्जन गर्न र नयाँ कार्यविधि वा निर्देशिका जारी गर्न आवश्यक भएमा सो समेत गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २६४ बमोजिम नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजनको निमित्त नगरपरिषद् समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

(क) कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी निर्देशिका
(ख) नगरपालिकाको कर्मचारी प्रशासन विनियमावली
(ग) भवन तथा योजना मापदण्ड निर्देशिका/कार्यविधि, २०७२.
(घ) मासु पसल व्यवस्थापन कार्यविधि

**निर्णय नं. २१**

नगरपालिका बोर्ड बैठकबाट गत बर्षको पौष २८ देखि चालु आ.व. को पौष महिनाको १९ गतेसम्म भएका निर्णयहरु अनुमोदन गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

आगामी आ.व. २०७३।०७४ का लागि नियमानुसार कट्टी हुने कन्टिन्जेन्सी रकमबाट संलग्न **अनुसूची ८** मा समावेश भएका कार्यक्रमहरु सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृतका लागि नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २४**
नगरपीलिकाबाट सञ्चालन हुने १० लाख वा सो भन्दा बढीका आयोजनामा विद्युतिय माध्यमद्वारा बोलपत्र दाखिला गर्ने (e-submission) पद्धतिको कार्यान्वयनलाई निरन्तरता दिन नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**
आर्थिक बर्ष २०७३/७४ को कर, दस्तुर, शुल्कमा परिमार्जन भएको कारण नगरपालिकाको साविकमा स्वीकृत नागरिक वडापत्रमा उल्लिखित सेवा शुल्कलाई समेत परिमार्जन गर्नुपर्ने हुँदा नागरिक वडापत्रलाई सोही अनुसार परिमार्जन गरी लागु गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**
नगरपालिकाको दैनिक सरसफाई तथा सडकवत्ति मर्मतका लागि आवश्यक पर्ने कुचिकार तथा विद्युत्त मिस्त्री र हेल्परहरु स्वीकृत बजेटको परिधिभित्र रही सेवा करारमा लिई काममा लगाउन सकिने व्यवस्थाको लागि नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**
फोहोरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित गर्ने सर्न्दभमा जैविक र अजैविक फोहोरलाई श्रोतमै बर्गीकरण गर्ने कार्यक्रम आगामी आ.ब. २०७३/७४ देखि वार्ड नं. ५, ७, ८, ९ र १२ मा सञ्चालन गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**
आगामी आर्थिक बर्षमा जनस्वास्थ्य प्रवर्द्धनका लागि HIV Aids, लागुपदार्थ दुर्व्यसन, प्रजनन स्वास्थ्य तथा मासुपसल अनुगमन जस्ता कार्यक्रमहरु संचालन गर्न नगरपरिषद समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**
सिद्धार्थनगर नगरपालिकाको क्षेत्रभित्र हुनसक्ने सम्भावित जोखिमहरु र विपदहरुबाट हुने जनधनको सुरक्षाको लागि विपत जोखिम व्यस्थापन कार्ययोजना म्चःए बनाई कार्यान्वयन गर्न नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**
आगामी आ.ब.का लागि रु ५० लाख भन्दा बढी लागतका योजनाहरुको सामाजिक, आर्थिक बातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा डिजाईन स्पेसिफिकेशन तथा आयोजनाको दीगोपन सम्बन्धी विषयहरु समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृतीका लागि नगरपरिषद् समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**
यस नगरपालिकाको आन्तरिक श्रोतको अभिवृद्धिका लागि राजश्व सम्भाव्यता अध्ययन गर्ने कार्य परामर्शदाता संस्था मार्फत भैरहेको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन गर्ने अधिकार प्रत्यायोजनका लागि नगरपरिषद् समक्ष अनुरोध गर्ने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**मिति २०७२।९।२३ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक) :**

नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान तथा ऋण सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गत निर्माण गर्न प्रस्तावित Integrated Solid Waste Management Subproject (IUDP/SWM/SDN/ICB-02) आयोजनाको २९ अक्टोबर २०१५ (१२ कार्तिक २०७२) मा Republica, In Association with International New York Times राष्ट्रिय दैनिक पत्रिकामा अन्तराष्ट्रिय बोलपत्र आव्हान गरी १३ डिसेम्बर २०१५ मा पेश हुन आएको १ (एक) वटा मात्र बोलपत्र UPL Environmental Engineers Ltd. - Nepal Adarsha Nirman Co. Pvt. Ltd. JV को प्राविधिक प्रस्तावहरुको विस्तृत रुपमा अध्ययन गरी सोको Completeness of Bid document, Substantive Responsiveness of Bids, detail of eligibility of bidders, Time for completion of major work Items and assessment of construction method, Construction equipment, Personnel requirement, Balance Sheet, Annual construction Turnover for the last 5 years, Availability of financial Resources, financial Resources requirement, Contracts of similar size and Nature र Construction Experience in key Activities को Bid document मा उल्लेख भए अनुसार Evaluation and Qualification Criteria, Bidding Forms, Eligible Contries र Employer's Requirements आदिको लागि ADB को Guide on Bid Evaluation मा आधारित रही तयार गरीएको आवश्यक चेक लिष्ट र आवश्यक Format हरुमा माथि उल्लेखित बोलपत्रको प्राप्त सूचना अनुसार बोलपत्र मूल्यांकन समितिको मिति २०७२।९।२३ को निर्णय अनुसार UPL Environmental Engineers Ltd. - Nepal Adarsha Nirman Co. Pvt. Ltd. JV को प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा निजको प्राविधिक प्रस्ताव स्वीकृत गरी आवश्यक सहमतिको लागि PCO मार्फत ADB मा पठाउने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np